# बागमती प्रदेश सभा
# सार्वजनिक लेखा समिति
# हेटौंडा, मकवानपुर, नेपाल

बागमती प्रदेश सभा
सार्वजनिक लेखा समिति
हेटौंडा, नेपाल

## बैठक -७८

मितिः २०७९/०५/२२ गते

**निर्णयहरुः**

१. माननीय मुनु सिग्देल संयोजकत्वको कृषि अनुदान वितरण सम्बन्धमा छानविन गर्न गठित उपसमितिले आफ्नो कार्यजिम्मेवारी समयमै सम्पन्न गरी प्रतिवेदन पेश गरेकाले उपसमितिलाई धन्यवाद ज्ञापन गर्दै प्रतिवेदन ग्रहण गर्ने र प्रतिवेदनमा उल्लेखित सम्पूर्ण निर्णय र निर्देशनलाई समितिको निर्णय र निर्देशनका रुपमा स्वीकार गरी कार्यान्वयन गर्न सम्बन्धित निकायलाई निर्देशन दिने साथै प्रतिवेदनमा उल्लेखित बाहेक तपशिलका थप निर्देशन दिने ।

- ➢ नीजि क्षेत्रसँग साझेदारीमा निर्मित नुवाकोटका दुईवटा चिस्यानकेन्द्रहरुमा स्थानीय कृषकहरुको समेत लागत सहभागिता हुने गरी सेयर लगानीको सुनिश्चितता गर्ने साथै उक्त चिस्यान केन्द्रमा कृषकहरुले सुलभ दररेटमा कृषि उपजहरुको भण्डारण गर्ने गरी दररेट निर्धारण र भण्डारणको अवसरमा प्राथमिकताको सुनिश्चितता हुने गरी नीतिगत व्यवस्था गर्ने ।
- ➢ हेटौंडास्थित बफेलो मिट प्रालिबाट अनुदानमा प्राप्त संरचना हिनामिना गरेको सम्बन्धमा कानुनबमोजिम असुल उपर गरी आवश्यक छानविन गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई पत्राचार गर्ने ।